लेकवेशी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कल्याण, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

पत्र संख्या: ०८३/०८४
चलानी नं.:

मिति:२०८३/०४/०७
नेपाल संवत् ११४६ दिल्लाथ्व नवमी

## टिप्पणी आदेश

विषय: खरिद ईकाइ गठन सम्बन्धमा ।

श्रीमान्

चालु आ.ब.२०८३/०८४ का लागि यस नगरपालिकाको १९औं नगरसभा अधिवेशन बैठकबाट लेकवेशी नगरपालिका नगरकार्यपालिकाको कार्यालयको बजेट स्वीकृत तथा पारित भईसकेकोले कुनै मालसामान, परामर्श सेवा वा अन्य सेवा प्राप्ती गर्ने वा कुनै निर्माण कार्य गर्ने गराउने कार्यलाई ब्यवस्थित रुपमा संचालन गर्नका लागि कानुन बमोजिम खरिद ईकाइ गठन गर्नुपर्ने कानुनी ब्यवस्था रहेको ।

खरिद ईकाइले नै खरिद सम्बन्धी गुरुयोजना र बार्षिक खरिद योजना तयार गरी अद्यावधिक राख्ने, सार्वजनिक अनुगमन कार्यालयले तयार गरेको नमूना बोलपत्र सम्बन्धी कागजातमा सारभुतरुपमा फरक नपर्ने गरी आवश्यक्ता अनुसार बोलपत्र सम्बन्धी कागजात तयार गर्ने, खरिद माग संकलन गरी स्वीकृतीको लागि अधिकार प्राप्त अधिकारी समक्ष पेश गर्ने, खरिद कारवाहीसँग सम्बन्धित काममा समन्वय गर्ने, म्याद थप, कार्य सम्पादन जमानतको अभिलेख राख्ने लगायतका खरिद सम्बन्धी अन्य कामहरु समेत गर्नुपर्ने भएको ।

अतः तपसिल बमोजिमका कर्मचारीहरु संयोजक र सदस्य गरी ४ (चार) सदस्यीय समिति रहने गरी यस नगरपालिकाको खरिद सम्बन्धी कार्य गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १६ बमोजिम खरिद ईकाइ गठन गर्न मनासिब देखि निर्णयार्थ यो टिप्पणी पेश गरेको छु ।

तपसिल:

बरिष्ठ शाखा अधिकृत (आठौं) श्री नारायणदत्त तिवारी - संयोजक

प्रशासकीय अधिकृत (छैठौं) श्री प्रेम बहादुर रावत - सदस्य

ईन्जिनियर (छैठौं) श्री अरुण भट्टराई - सदस्य

लेखा अधिकृत (छैठौं) श्री हरिलाल न्यौपाने - सदस्य

पेश गर्नेः
नारायणदत्त तिवारी
बरिष्ठ शाखा अधिकृत

सदर गर्नेः
महेन्द्रकुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

ito.lekbeshimun@gmail.com lekbeshimun.gov.np